# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
प्रदेश नं. २, नेपाल

## औषधी तथा औषधीजन्य सामग्री खरिद गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७५/०९/०१

यस नगरपालिकाबाट आ.व. २०७५/०७६ का लागि स्वीकृत कार्यक्रम बमोजिम औषधी तथा औषधीजन्य सामग्रीहरू गोप्य सिलबन्दी दरभाउपत्र द्वारा खरिद गर्नु पर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त फर्म वा कम्पनीबाट निर्धारित शर्तहरूको अधिनमा रही गोप्य शिलबन्दी दरभाउपत्र आब्हान गरिन्छ ।

शर्तहरू :

१) यो सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म रू.१०००।-(पछी फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा बुझाई दरभाउपत्र खरिद गर्न सकिनेछ । गोप्य शिलबन्दी दरभाउपत्र १६ औं दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । तर दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट सोही समयमा खरिद तथा दर्ता गर्न सकिनेछ ।

२) दरभाउपत्र फाराम खरिद गर्न निवेदनका साथ औषधी बिक्री गर्ने इजाजतपत्र, आ.व. २०७४/०७५ सम्मको कर चुक्ताभएको प्रमाण वा कर विवरण पेश गरेको कागजातको प्रतिलिपि, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणि प्रतिलिपीहरू, नविकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपीहरू संलग्न राख्नुपर्नेछ ।

३) दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरू १६औं दिन दिनको ०२:०० बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउँपत्र दाताहरूको वा निजका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निज का प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४) सिलबन्दी दरभाउपत्र साथ धरौटी वापत तपशिलमा उल्लेखित रकम यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **धरौटी खाता नं. १२८०३०३००७१०२** मा जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्रदाताले दाखिला गर्ने मितिले मान्य अवधि ७५ दिनको यस नगरपालिकाको नाममा जारी गरिएको जमानत पत्र संलग्न राख्नु पर्नेछ ।

५) दरभाउपत्र कबोल गरिएको दर रेट अंक र अक्षर दुबैमा प्रष्टरूपमा लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ । कुनै महलमा दर उल्लेख गर्न छुट भएमा सो दरभाउपत्र मान्य हुने छैन । साथै सर्त रहेको, म्याद नाघी वा रित नपुगी पर्न आएका दरभाउँपत्र हरू उपर कुनै कारवाही हुने छैन ।

६) औषधी खरिद गर्दा DDA/WHO-GMP Certified Company बाट उत्पादित औषधीहरू मात्र खरिद गरिने छ। दरभाउ पत्रको महलमा कुन कम्पनीको औषधी तथा औषधीजन्य सामाग्रीहरू आपूर्ति गरिने हो, कम्पनीको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ । आपूर्ति हुने औषधीहरूको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, Batch No. तथा Supply for Lalbandi Mun. या Health institutional supply, not for sell (यो औषधी बिक्री का लागि होइन) भनी लेखिएको हुनुपर्नेछ ।

७) दरभाउपत्र पेशगर्दा मूल्य अभिबृद्धि कर समेतको दररेट पेश गर्नुपर्नेछ । दरभाउपत्र पेश गरेको मूल्य यस आ.व. का लागि भएकोले आगामी आषाढ मसान्त सम्म कुनै प्रकारको मूल्य बृद्धि दिइने छैन ।

८) दरभाउदाताले पुरा ठेगाना, फोन नं., तथा मोवाईल नं. आदि खुलाउनु पर्नेछ । दरभाउपत्र स्विकृत भएको जानकारी पाएर पनि तोकिएको समयावधीमा सम्झौता गर्न नआएमा दरभाउपत्र रद्द गरी निजले राखको धरौटी जफत गरी नजिकको दोश्रो दरभाउपत्र स्विकृत गरी सम्झौता गरिनेछ ।

९) दरभाउपत्रदाताले खरिद आदेश पाएको २१ औं दिन भित्र यस नगरपालिकामा खरिद आदेश अनुसार औषधी तथा औषधीजन्य सामाग्रीहरू दाखिला गर्नु पर्नेछ। दाखिला गर्न नसकेमा नगरपालिकाबाट ती औषधी तथा औषधीजन्य सामाग्रीहरू पाएसम्म दरभाउपकै दररेटमा नपाएमा उचित बजार मुल्यमा खरिद गरी ल्याईने छ। सम्बन्धित दरभाउपत्र दाताले पाउने रकमबाट उक्त रकम कट्टा गरी भुक्तानी गरिनेछ।

१०) कार्यलयमा औषधी दाखिला हुन आउँदा सम्म १८ महिनाको Expiry Date हुनुपर्नेछ । तर कुनै औषधीको जम्मा Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Expiry Date को ७५ प्रतिशत म्याद बाँकी हुँदा दाखिला गर्न सकिनेछ ।

११) कार्यलय सम्म औषधी आपूर्ति गर्न लाग्ने ढुवानी तथा अन्य करहरू दरभाउँपत्र दाताले स्वयं व्यहोर्नु पर्नेछ ।

१२) दरभाउँपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१३) यस सूचनामा उल्लेख नभएका अन्य कुराहरूको हकमा सार्वजनिकखरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ । साथै दरभाउँपत्र सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी वा फोन नं. ०४६-५०१३३३ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

१४)

| ठे.सि.नं. | कामको विवरण | लागत अनुमान रू. | धरौटी रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १५-२०७५/०७६ | औषधी तथा औषधीजन्य सामग्री | १४९५१३६।५० | ४४८५४।- | |

प्रमुख प्रशासकीय अधिकृत